धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३१७ ◆ २०८३ जेष्ठ २० गते बुधबार, Wednesday, June 3, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## शंकास्पद गतिविधिमा संलग्न दुई चिनियाँ नागरिक पक्राउ

काठमाडौं। प्रहरीले शङ्कास्पद गतिविधिमा संलग्न रहेको अभियोगमा दुई चिनियाँ नागरिकलाई नक्सालबाट पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा ३३ वर्षीय वाङ वेन्ड तथा ३२ वर्षीय चेन शुआन्गुई रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो। काठमाडौं महानगरपालिका-१ नक्साल नारायणचौर क्षेत्रमा चिनियाँ नागरिक 'भिजिट भिषा'मा नेपाल आई भिषाको उद्देश्य विपरीत शङ्कास्पद गतिविधि गर्ने गरेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ परेकाहरुले नक्साल नारायणचौरमा रहेको आरआर बिल्डिङ एन्ट्रो टेक्नोलोजी नामक कार्यालय खोली अवैध रुपमा विदेशी मोडल तथा युवतीको लाइभ हब एपमार्फत अकाउन्ट खोली विदेशी र भारतीय नागरिकलाई साथी बनाई कुराकानी गरी पैसा माग्ने तथा शङ्कास्पद गतिविधि गर्ने गरेको प्रहरीले जनाएको छ। निजहरुलाई नक्सालबाट पक्राउ गरी अध्यागमन ऐनअन्तर्गतको कसुरमा थप अनुसन्धान तथा आवश्यक कारवाहीका लागि अध्यागमन विभाग कालिकास्थान, पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो।

## गण्डकी सरकारको नीति तथा कार्यक्रम : धार्मिक पर्यटन परिपथ विकास गरिने

दमौली (तनहुँ)। गण्डकी प्रदेश सरकारले धार्मिक पर्यटन परिपथ विकास गर्नेभएको छ। गण्डकी प्रदेशसभामा मंगलबार प्रदेश प्रमुख डिल्लीराज भट्टले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै गण्डकी प्रदेशका विभिन्न जिल्लाका धार्मिकस्थल जोड्ने गरी धार्मिक पर्यटन परिपथ विकास गरिने उल्लेख गर्नुभयो। दामोदर कुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट र त्रिवेणीधाम जस्ता महत्वपूर्ण धार्मिकस्थल जोडिने गरी धार्मिक पर्यटन परिपथ विकास गरिने उहाँले उल्लेख गर्नुभयो।

प्रदेश प्रमुख भट्टले मुख्य पर्यटकीय गन्तव्यमा पहुँच मार्ग बनाइ हाइ अल्टिच्युट सिक्नेसको उपचार लगायत आधारभूत सुविधा विस्तार गरिने बताउनुभयो।

## काठमाडौं विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि सिफारिस समिति गठन

काठमाडौं। काठमाडौं विश्वविद्यालयको १०१औं सभा (सिनेट) बैठकले नयाँ उपकुलपति नियुक्तिका लागि सिफारिस समिति गठन गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्री तथा विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा मंगलबार सम्पन्न बैठकले उपकुलपति नियुक्ति प्रक्रियालाई अघि बढाउने उद्देश्यले तीन सदस्यीय सिफारिस समिति गठन गर्ने निर्णय गरेको हो।

गठित समितिको संयोजकमा सहकुलपति मन्त्री पोखरेल रहनुभएको छ। समितिको सदस्यमा रेशु अर्याल ढुङ्गाना र प्रा डा सुरेशराज शर्मा रहनुभएको छ। ढुङ्गाना राष्ट्रिय योजना आयोगको सदस्य हुनुहुन्छ भने शर्मा काठमाडौं विश्वविद्यालय संरक्षण समितिका अध्यक्ष तथा विश्वविद्यालयका संस्थापक उपकुलपति हुनुहुन्छ।

समितिले उपकुलपति पदका लागि योग्य उम्मेदवारहरूको छनोट गरी सिफारिस गर्नेछ। यससँगै विश्वविद्यालयमा नयाँ नेतृत्व चयन प्रक्रिया औपचारिक रूपमा अगाडि बढेको छ।

काठमाडौं विश्वविद्यालयले शैक्षिक गुणस्तर, अनुसन्धान तथा नवप्रवर्तनका क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै आएको छ। नयाँ उपकुलपति नियुक्तिसँगै विश्वविद्यालयको भावी शैक्षिक तथा संस्थागत विकासको दिशाबारे थप अपेक्षा गरिएको छ।

## रास्वपा सभापति लामिछाने र भारतीय गृहमन्त्री शाहबीच भेटवार्ता

काठमाडौं। भारत भ्रमणमा रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतका गृहमन्त्री अमित शाहबीच भेटवार्ता भएको छ।

उक्त भेटमा नेपाल-भारत सम्बन्ध, आपसी हित, लोकतान्त्रिक अभ्यास, सुरक्षा सहकार्य तथा दुई देशका राजनीतिक दलहरूबीचको संवाद र सहकार्यका विषयमा विचार विमर्श भएको रास्वपाले जनाएको छ।



सभापति लमिछाने भाजपाका अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा पाँच दिने भारत भ्रमणका लागि सोमबार भारत प्रस्थान गर्नुभएको हो। सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलमा उहाँकी धर्मपत्नी निकिता पौडेल, रास्वापाका सहमहामन्त्री तथा प्रतिनिधि सभा सदस्य विपीनकुमार आचार्य, रास्वाका सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य हुनुहुन्छ।

## लु को जोखिमबाट जोगिन पूर्वतयारी आवश्यक

❑ *प्रत्युष समाचारदाता*

काठमाडौं। सम्बन्धित निकायका सरकारी अधिकारी तथा मौसम विषयका जानकारहरू ले 'लु' को जोखिमबाट जोगिन आवश्यक पूर्वतयारी आवश्यक रहेकामा जोड दिनुभएको छ।

अन्तरराष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासङ्घ (आईएफआरसी) ले अत्यधिक गर्मी जोखिम न्यूनीकरण दिवसका अवसरमा मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँहरूले त्यसका लागि तीनै तहका सरकार र साझेदारी निकायबीच सहकार्य तथा समन्वय अपरिहार्य रहेको उल्लेख गर्नुभयो।

गृह मन्त्रालयका सहसचिव सुरेश पन्थीले 'लु' को जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयले कार्ययोजना स्वीकृत गरी लागू गरिसकेको बताउनुभयो। साथै उहाँले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत अत्यधिक जोखिममा रहेका र धेरै जनसङ्ख्या भएका सम्भावित जोखिम भएका जिल्लामा सन्देश प्रवाह भइरहेको उल्लेख गर्नुभयो। यस प्रक्रियामा गृह मन्त्रालयले 'लु' बाट प्रभावित हुने क्षेत्रका नागरिकहरूको तत्काल जीवन रक्षा गर्न, उनीहरूलाई सचेत गराउन र यसको प्रभावलाई न्यूनीकरण गर्न आवश्यक कार्य र समन्वय गरिरहेको जानकारी गराउनुभयो।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक डा अर्चना श्रेष्ठले तापक्रम मात्र नभई हावा, आर्द्रता जस्ता विभिन्न आयामलाई ध्यानमा राखेर गर्मी सम्बन्धी जोखिमहरूको मूल्याङ्कन गर्न आवश्यक रहेकामा जोड दिनुभयो।

यसवर्ष औसतभन्दा कम वर्षा हुने सम्भावना देखिएको जानकारी गराउँदै उहाँले यसको आधारमा गर्मी लहर तथा अत्यधिक गर्मीका दिनहरू बढ्न सक्ने अनुमान गरिएको बारेमा आफूहरूले निरन्तर निगरानी गरिरहेको उल्लेख गर्नुभयो।

प्रमाण र तथ्यमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्दै समयमै सही निर्णय लिन सकिने वातावरण निर्माण सबैको प्रमुख लक्ष्य हुनुपर्ने उहाँको भनाइ थियो। नेपाल रेडक्रस सोसाइटीका महामन्त्री मीनबहादुर मल्लले सरोकारवाला विज्ञहरूबीचको छलफल र विचारहरूले आगामी दिनमा नेपाल सरकार तथा विभिन्न साझेदार संस्थाहरूसँगको सहकार्यमा रणनीति निर्माणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले सरकार र अन्य निकायसँगको सहकार्यले आगामी दिनमा अझ धेरै जिल्लामा रेडक्रसले 'लु' सचेतना कार्यक्रम विस्तार गर्न र समुदायस्तरमा प्रभावकारी सेवा पुर्‍याउन सहयोग पुग्ने उल्लेख गर्नुभयो।

डिपी नेपालका अध्यक्ष डा बसन्तराज अधिकारीले पछिल्लो समय विश्वव्यापी तापक्रम वृद्धि भइरहेका बेला गर्मीका चुनौतीहरू केवल तराई क्षेत्रमा मात्र होइन, हिमाली क्षेत्र र मध्यपहाडी उपत्यकामा बढ्दै गईरहेको उल्लेख गर्दै यसको सामनाका लागि विस्तृत अनुसन्धान र नवप्रवर्तन अत्यन्त आवश्यक रहेको बताउनुभयो।

## आगामी आर्थिक वर्षको बजेट सकारात्मक, हस्तकला क्षेत्र उत्साहित

❑ *प्रत्युष समाचारदाता*

काठमाडौं। नेपाल हस्तकला महासङ्घले आगामी आर्थिक वर्षको बजेट सकारात्मक भएको बताएको छ। महासङ्घका कार्यवाहक अध्यक्ष राजमान बज्राचार्यले मंगलबार एक विज्ञप्ति जारी गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले स्वदेशी उद्योग र हस्तकला क्षेत्रलाई प्रोत्साहन गर्ने बताउनुभएको हो।

महासङ्घले बजेटले आर्थिक सुधार, निजी क्षेत्रको प्रवर्द्धन र कर प्रणालीमा सरलीकरणलाई प्राथमिकता दिएको भन्दै यसको स्वागत गरेको छ। बजेटले २७३ प्रकारका औद्योगिक कच्चापदार्थमा भन्सार दर घटाएको र ३६० वस्तुमा लाग्दै आएको अन्त:शुल्क खारेज गरेको विषयलाई सकारात्मक रूपमा लिएको छ। "कच्चापदार्थ र तयारी वस्तुको करको दरबीच सन्तुलन कायम गर्ने प्रयासले स्वदेशी उद्योगको उत्पादन लागत घट्ने र निर्यात बढ्ने हाम्रो विश्वास छ," महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

यस्तै, अधिकतम आयकरको दर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशतमा कायम गरिनु र वार्षिक रु १० लाखसम्म आय गर्नेलाई न्यून करको दायरामा ल्याइनुले हस्तकला क्षेत्रका लघु, साना तथा मझौला उद्यमीहरू लाभान्वित हुने महासङ्घको अपेक्षा छ। बजेटमा उल्लिखित सहुलियतपूर्ण कर्जाको व्यवस्थाले हस्तकला क्षेत्रमा संलग्न ठूलो सङ्ख्याका महिला उद्यमी प्रोत्साहित हुने महासङ्घले जनाएको छ। यस्तै, स्वदेशी काष्ठ उद्योगलाई प्रोत्साहित गर्ने बजेटको नीतिले काष्ठकला क्षेत्रमा कच्चापदार्थको आपूर्ति सहज भई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी क्षमता बढ्ने विश्वास महासङ्घले लिएको छ। यसैगरी, कम्पनी बन्द गर्ने प्रक्रिया सहज बनाउने, बौद्धिक सम्पत्ति सम्बन्धी कानुन तर्जुमा गर्ने र निर्यातमा दिइँदै आएको नगद प्रोत्साहनलाई निरन्तरता दिनेजस्ता घोषणाले उद्योगीमा उत्साह थपेको महासङ्घले जनाएको छ। 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई अगाडि बढाउन बजेट सहयोगी हुने देखिएको छ। महासङ्घले नेपाल व्यापार एकीकृत रणनीतिको दायरा फराकिलो बनाउँदा हस्तकलाका ३६ विधा र झण्डै ८३ प्रकारका वस्तुलाई स्पष्ट रूपमा नसमेटिएको बताएको छ। हस्तकलाको सीपलाई युवा पुस्तामा हस्तान्तरण गर्ने ठोस योजना, प्राकृतिक रेसाजन्य कपडा उद्योगका लागि विशेष नीति र उत्पादन क्षेत्रका लागि स्पष्ट रणनीतिको अभाव देखिएको महासङ्घले जनाएको छ।

## निर्णय फिर्ता लिएपछि मुख्यमन्त्री शाहलाई तत्कालको संकट टर्यो

❑ *प्रत्युष समाचारदाता*

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहलाई दलको नेताबाट हटाउने निर्णयमा हस्ताक्षर गरेका एक सदस्यले आफ्नो निर्णय फिर्ता लिनुभएको छ। योसँगै पार्टीको संसदीय दलभित्र देखिएको सङ्कट तत्काललाई टरेको छ।

प्रस्ताव फिर्ता लिनुभएकी प्रदेशसभा सदस्य डम्मरी महराले पार्टी एकता र बजेट कार्यक्रम निर्माणलाई प्राथमिकता दिनुपर्ने अवस्था आएकाले आफूले निर्णय फिर्ता लिएको जानकारी गराउनुभयो। पत्रकार सम्मेलन मार्फत मुख्यमन्त्री शाहले असन्तुष्ट सांसदसँग छलफल संवाद गरिने बताउनुभयो। यसअघि दलका नेता शाहलाई हटाउन मंगलबारे कांग्रेस संसदीय दलमा अविश्वास प्रस्ताव दर्ता गरिएको थियो। कांग्रेस नेता एवं प्रदेशसभा सदस्य दिवानसिंह विष्टले विधानअनुसार दलको नेता हटाउन दर्ता गरिएको अविश्वासको प्रस्तावको प्रक्रिया अघि बढ्ने र गोप्य मतदानबाट निर्णय हुने भएकाले नेता परिवर्तन हुने दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "प्रदेशसभा संसदीय दलमा हामी नौ जना बहुमत सदस्यले नेता परिवर्तनका लागि नेताविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका छौं, माननीय डम्मरी महराले आफ्नो निर्णय फिर्ता लिएको जानकारी आए पनि प्रक्रिया रोकिने छैन।"

प्रदेशसभामा कांग्रेसका १८ सदस्य छन्। कांग्रेसका प्रदेशसभा सदस्य प्रकाशबहादुर देउवा लामो समयदेखि विदेशमा हुनुहुन्छ। नेपाली कांग्रेस र नेकपा (एमाले) को गठबन्धनमा शाह नेतृत्वको सरकार छ। नेताबाट हटाउन विष्टसहित मानबहादुर रावल, गीताकुमारी चौधरी, तुल्सी देवकोटा, जुनाकुमारी दानी, ललिता सुनार, पदमबहादुर शाही, बेलबहादुर रानामगर र डम्मरी महराले हस्ताक्षर गरेर प्रस्ताव दर्ता गरिएको थियो।



त्रिपन्न सदस्यीय प्रदेशसभामा एक सदस्य निलम्बनमा छन्। स्वतन्त्र सदस्य डा तारा जोशीले केही महिनाअघि प्रदेशसभा सदस्यबाट राजीनामा दिनुभएको थियो।

सम्पादकीय ....

## मनसुनमा चुनौती

नेपालका लागि मनसुन केवल मौसमीय घटना मात्र होइन, अर्थतन्त्रको आधार पनि हो । नेपालको कृषि प्रणाली वर्षामा अत्यधिक निर्भर छ । धान, मकैलगायतका प्रमुख बालीहरू समयमै पर्ने मनसुन वर्षामा आधारित हुन्छन् । यदि यस वर्ष मनसुन कमजोर भयो भने धान रोपाइँमा ढिलाइ, उत्पादनमा गिरावट, तथा खाद्य सुरक्षामा चुनौती आउन सक्छ । यो वर्ष देखिएको ढाँचाले वर्षाको समयगत स्थानान्तरण भएको सङ्केत दिन्छ। पूर्व-मनसुन अवधिमा अत्यधिक वर्षा भइरहेको छ भने मुख्य मनसुन समयमा कम वर्षा हुनसक्ने सम्भावना बढ्दो छ ।

आगामी छ महिना (सम्भावना त्योभन्दा बढी पनि) सम्मको संसारभरको मौसम यही एल निनोले प्रभाव पर्ने देखिन्छ । त्यसैको कारणले तापक्रम बढ्ने, कुनै ठाउँमा सुख्खा त कुनै ठाउँमा भीषण वर्षा हुने र कृषि उत्पादनलाई सबैभन्दा धेरै प्रभाव पार्ने देखिन्छ । सबैभन्दा धेरै असर यो मनसुनमा एसियामा सुख्खा हुने हुँदा धान उत्पादन घट्ने सम्भावना छ ।

प्रि-मनसुनको वर्षाले तत्कालका लागि माटोमा आर्द्रता बढाउने र केही बालीलाई फाइदा पुऱ्याउने भए पनि, दीर्घकालीन रूपमा मनसुनकै वर्षा कृषि उत्पादनका लागि निर्णायक हुन्छ । विशेष गरी असार-साउनमा पर्याप्त पानी नपरे धानखेतीमा ठूलो असर पर्न सक्छ । यसको असर कृषि क्षेत्रमा मात्र सीमित रहने छैन । नेपालको समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको ठूलो योगदान भएकाले उत्पादन घट्दा खाद्यान्नको मूल्य वृद्धि हुन सक्छ । आयात निर्भरता बढ्न सक्छ र व्यापार घाटा थप गहिरिन सक्छ । ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानीमा पनि प्रत्यक्ष असर पर्नेछ ।

यसको प्रभावका कारण जलविद्युत् क्षेत्रमा पनि चुनौती थपिन सक्छ । नेपालका अधिकांश जलविद्युत् आयोजना नदीको बहावमा आधारित छन् । यदि मनसुन कमजोर भयो भने नदीमा पानीको मात्रा घट्न सक्छ, जसले विद्युत् उत्पादनमा कमी ल्याउन सक्छ । ऊर्जा संकटको सम्भावना बढ्नुका साथै औद्योगिक उत्पादन र दैनिक जीवनमा समेत असर पर्न सक्छ । पर्यटन क्षेत्रमा पनि दोहोरो प्रभाव देखिन सक्छ । पूर्व-मनसुनमा लगातार वर्षाले ट्रेकिङ, हिमाल आरोहण र आन्तरिक पर्यटनमा बाधा पुऱ्याउन सक्छ । त्यसपछि यदि लामो सुख्खा अवस्था विकसित भयो भने हिमाली तथा प्राकृतिक जलस्रोतहरूको सौन्दर्य र आकर्षणमा असर पर्न सक्छ ।

यस परिस्थितिमा सरकार र सम्बन्धित निकायहरूले समयमै रणनीतिक तयारी गर्नु अत्यावश्यक देखिन्छ । कृषि क्षेत्रमा सिँचाइ व्यवस्थाको विस्तार, कम पानी चाहिने बालीहरूको प्रवर्द्धन तथा मौसमअनुकूल खेती प्रणाली अपनाउनुपर्ने आवश्यकता छ । किसानहरूलाई समयमै सिजनल पूर्वानुमान र मौसम सूचना उपलब्ध गराउनु अत्यन्त महत्वपूर्ण हुन्छ ।

पछिल्ला वर्षहरूमा नेपालमा मौसमीय चरम घटनाहरू अत्यधिक वर्षा, लामो खडेरी, असिनापानी, गर्मीको लहर बढ्दै गएका छन् । यस वर्षको असामान्य प्रि-मनसुनको वर्षा र सम्भावित सुख्खा मनसुन भविष्यमा अझ जटिल जलवायु चुनौतीहरूको सङ्केत हुन सक्छ ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## विश्व सम्पदा सूचीको पर्खाइमा दैलेखका देवल



नवीन रिजाल

झण्डै १८ वर्षअघि अर्थात् सन् २००८ मा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले दैलेखको ऐतिहासिक एवं पुरातात्त्विक महत्वको पञ्चदेवललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि सिफारिस गऱ्यो । त्यो सिफारिसले दैलेखी जनता र समग्र कर्णालीवासीमा एउटा ठूलो आशा जगाएको थियो दैलेखको इतिहासले अब विश्व मञ्चमा विशिष्ट पहिचान पाउनेछ । तर, विगतमा सरकारी उदासीनता र कछुवा गतिको कार्यशैलीका कारण त्यो ऐतिहासिक सिफारिस लामो समयसम्म सिंहदरबारका अमूक फाइलमै थन्किरह्यो ।

अन्ततः १८ वर्ष लामो प्रतीक्षा र निराशापछि पुरातात्विक महत्वको यस पञ्चदेवललाई 'संरक्षित स्मारक क्षेत्र' बनाउने र विश्व सम्पदा सूचीको यात्रामा अगाडि बढाउने महाअभियानले वर्तमान सरकार गठनपछि भने प्रारम्भिक गति लिएको छ । पुरातत्व विभागले यस ऐतिहासिक सम्पदालाई विश्व सम्पदा सूचीमा पुऱ्याउनका लागि स्थलगत कार्य र सरोकार वालाहरूसँगको समन्वय प्रक्रिया अगाडि बढाएसँगै स्थानीयमा नयाँ उत्साह र आशाको सञ्चार भएको छ ।

दैलेख जिल्ला आफैँमा इतिहासको एउटा सजीव सङ्ग्रहालय हो, जसलाई इतिहासका पानाहरूमा 'देवलहरूको जिल्ला' भनेर चिनिन्छ । यहाँ देवलहरू नभएको सायदै कुनै पालिका, वडा वा टोल होला । जिल्लाका कुना-काप्चा, डाँडा-काँडा र बस्तीहरूमा इतिहासको जीवन्त भारी आफ्नो छातीमा बोकेर हजारौँ वर्षदेखि यी देवलहरू ठिङ्ग उभिएका छन् । ११औँ देखि १४औँ शताब्दीतिर कलात्मक ढुङ्गैढुङ्गा मात्रै खियाएर, विना कुनै मसला निर्माण गरिएका यी देवलहरू दैलेखका विभिन्न स्थानमा छरिएर रहेका छन् ।

इतिहास र संस्कृतिका अध्येता प्राध्यापक नरेन्द्र आचार्यका अनुसार यी देवलहरू पाण्डवहरूको पालामा निर्माण गरिएको भन्ने बलियो लोकबुझाइ र जनश्रुति आज पनि स्थानीय जनमानसमा उत्तिकै ताजा छ । वास्तुकलाको दृष्टिकोणले हेर्ने हो भने शिखर शैलीमा निर्माण गरिएका यी देवलहरू तत्कालीन खसकालीन वास्तुकला र सिंजा सभ्यताका जीवित इतिहास हुन्, जसले नेपालको प्राचीन गौरव र समृद्ध शिल्पकारितालाई दर्साउँछन् ।

गौरवमय इतिहासको यति ठूलो भारी बोकेका दैलेखका हजारौँ देवलहरू आज अस्तित्व रक्षाका लागि छटपटाइरहेका छन् र तिनले राज्यसँग संरक्षणको भीख मागिरहे झैँ लाग्दछ । उचित रेखदेख र मर्मत-सम्भारको अभावमा यी अमूल्य निधिहरू दिनानुदिन जीर्ण बन्दै गइरहेका छन् । यसको एउटा टड्कारो र ताजा उदाहरण नारायण नगरपालिका-६ भूर्तिको पञ्चदेवल क्षेत्र नै हो । विगतमा २५ वटा देवलहरूको बलियो अस्तित्व रहेको यस क्षेत्रमा हाल २२ वटा देवल मात्रै जेनतेन उभिएर आफ्नो अस्तित्वको अन्तिम लडाइँ लडिरहेका छन् भने बाँकी तीन वटा देवल पूर्णरूपमा भग्नावशेषमा परिणत भइसकेका छन् । स्थानीय बासिन्दाका अनुसार यो ऐतिहासिकस्थल हेर्न दैनिक रूपमा सयौँ आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गरेका छन् तर पर्यटकीय सम्भावना प्रचुर भएता पनि भौतिक पूर्वाधारको अवस्था भने दयनीय छ । देवलको वरिपरि गरिएका घेराबारहरू भत्किएका छन् भने कतिपय बहुमूल्य ऐतिहासिक ढुङ्गाहरू यत्रतत्र फालिएको अवस्थामा भेटिन्छन् । यसले स्थानीय बासिन्दामा पनि यो सम्पदाको मूल्य र यसको संरक्षण कसरी गर्ने भन्नेबारे सचेतना र अभिमुखीकरणको टड्कारो आवश्यकता रहेको देखाउँछ ।

लामो समयको मौनतापछि पुरातत्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग नेतृत्वको टोली दैलेखको भूर्तिको स्थलगत अवलोकनका लागि आइपुग्दा भने केही आशा पलाएको छ । टोलीले त्यहाँ रहेका ऐतिहासिक देवलहरूको प्रत्यक्ष निरीक्षण मात्र गरेन, स्थानीय सरकार, जिल्ला प्रशासन, सुरक्षा निकाय, सरोकारवाला र स्थानीय जानकारहरूसँग सम्पदाको थप संरक्षण र प्रवर्द्धनबारे बृहत् अन्तरक्रियासमेत गऱ्यो । अवलोकनका क्रममा महानिर्देशक प्रधानाङ्गले भूर्तिका देवलहरू नेपालकै महत्त्वपूर्ण सम्पदाहरूमध्ये पहिलो सूचीमा पर्ने र एकै ठाउँमा फरक-फरक प्रकृति र स्वरुपमा बनेका यी देवलहरू हजारौँ वर्षदेखि सुरक्षित रहनु आफैँमा अनौठो र गौरवपूर्ण कुरा भएको बताउनुभयो । उहाँले पहिलो चरणको छलफल सकिएको जानकारी दिँदै अब यस क्षेत्रलाई 'संरक्षित स्मारक क्षेत्र' निर्धारण गर्न तीनवटै तहका सरकारसँग समन्वय गरी विस्तृत अध्ययन, नक्साङ्कन र संरक्षणका कार्यहरू निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यद्यपि, केन्द्रीय नीति र स्थानीय तहको व्यावहारिक धरातलबीच अझै पनि केही असमझदारी र आक्रोश बाँकी नै छ । नारायण नगरपालिकाका नगर प्रमुख लोमन शर्माले सम्पदा संरक्षणमा स्थानीय सरकार पूर्ण सजग रहेको र पालिकाले पञ्चदेवलको थप संरक्षण र विकासका लागि आफ्नै स्रोतबाट जग्गा खरिद गरेर अभियानको थालनी गरिसकेको बताउनुभयो । तर, केन्द्रीय नीतिका कारण स्थानीय सरकारले हातखुट्टा बाँधिएको महसुस गरेको उहाँको दुखेसो छ ।

ऐतिहासिक सम्पदाको मुख्य संरक्षण र पुनःनिर्माण गर्ने कानुनी जिम्मा केन्द्र सरकारको भए पनि केन्द्रले समयमा ध्यान नदिँदा हरेक पटक स्थानीय सरकारले जनताको गाली खानुपर्ने अवस्था सिर्जना भएको उहाँको भनाइ छ । ढिलै भए पनि विभागले धेरै वर्षपछि यो अभियान थालेकोमा खुसी व्यक्त गर्दै उहाँले यसमा स्थानीय सरकारको पूर्ण सहयोग रहने स्पष्ट पार्नुभयो । नारायण नगरपालिका-६ का वडाध्यक्ष जनक न्यौपानेले पनि स्थानीय बासिन्दामा सम्पदा संरक्षणबारे सचेतना जगाउनु आवश्यक रहेको औँल्याउँदै वडाको तर्फबाट आवश्यक पर्ने सम्पूर्ण प्रशासनिक र व्यावहारिक सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो ।

सम्पदा र पर्यटनको क्षेत्रमा लामो समयदेखि आवाज उठाउँदै आउनुभएका जानकार नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश समितिका अध्यक्ष विष्णु शर्माले भने केन्द्र सरकारको केन्द्रीकृत मानसिकताका कारण समग्र कर्णालीकै इतिहास मेटिने अवस्थामा पुगेको प्रति कडा गुनासो गर्नुभयो । उहाँका अनुसार समग्र कर्णाली प्रदेश नेपालीका ७८ वटा थरको उद्गम थलो हो, जसमध्ये दैलेखमा मात्रै ३२ वटा थरको थलो भएको इतिहास प्रमाणित छ । जिल्लाभरि ११५ भन्दा बढी ऐतिहासिक देवल समूह र एक हजारभन्दा बढी मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरू भएर पनि तीनवटै तहका सरकारबाट उचित संरक्षण, खोज, अध्ययन, अनुसन्धान र प्रचारप्रसार हुन नसक्नु दुःखद रहेको उहाँको तर्क छ । यसै सन्दर्भमा पुरातत्व विभागका सम्पदा अधिकृत देवेन्द्र भट्टराईले भने अब दैलेखको पञ्चदेवललाई विभागले विशेष प्राथमिकतामा राखेर कार्य प्रारम्भ गरेको दाबी गर्दै आगामी दिनमा कानुनको दायराभित्र रहेर स्थानीय तह र विभागले सँगसँगै चरणबद्ध रूपमा दैलेखका सबै सम्पदाको संरक्षण गर्ने योजना रहेको सुनाउनुभयो । दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द सारुले दैलेखलाई 'सम्पदा संरक्षित क्षेत्र' बनाउनका लागि स्थानीय पालिकाले गर्नुपर्ने नीतिगत र कानुनी कामहरू छिटो-छरितो तरिकाले अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ । उहाँका अनुसार आमनागरिकहरू सबै मिलेर दैलेखका सम्पदा संरक्षण गर्दै यस ऐतिहासिक भूमि लाई विश्वमा पहिचान गराउनु सबैको साझा दायित्व हो ।

पञ्चदेवल केवल दैलेख वा कर्णालीको मात्र नभई सिंगो नेपालकै गौरव र प्रतिष्ठाको विषय हो । राज्यका निकायहरू सक्रिय हुँदै गर्दा आमनागरिकले आफ्ना घर आँगनमा रहेका यी अमूल्य र ऐतिहासिक देवलहरूको संरक्षणमा हातेमालो गर्नु आवश्यक छ । झण्डै १८ वर्षपछि ब्यूँतिएको यो महाअभियानले साकार रूप पाएमा दैलेखको पञ्चदेवल विश्व सम्पदा सूचीमा अङ्कित हुने मात्र होइन, यसले नेपालको पर्यटन र प्राचीन इतिहासलाई विश्व भर चम्काउने निश्चित छ । पौराणिककालमा दधिचि महर्षिले तपस्या गरी बसेको स्थान हुनाले उनको नामबाट 'दधिलेक' नाम रहन गएको र पछि अपभंस हुँदै दधिलेकबाट दैलेख नाम रहन गएको एकथरिको भनाइ छ भने कसैले यो क्षेत्र देवताहरूको निवासस्थान भएकोले यसलाई देवलोक भनिन्थो । पछि अपभ्रंस हुदै दैलेख नामाकरण हुन गएको भन्ने गर्दछन् । यहाँ प्रशस्त मात्रामा दहि-दुध पाइने भएकाले 'दहिलेक' भनिदै गई पछि दैलेख नाम रहन गएको पनि भन्ने गरिन्छ । दैलेख जिल्ला बाइसे चौबिसे राज्यकालमा खस राज्यको शीतकालीन राजधानीको रूपमा परिचित दुल्लु र बेलासपुर राज्यमा विभाजित थियो । प्राचीन र मध्यकालमा दुई राज्यमा विभाजित यस जिल्लालाई शाहकालीन नेपालको पुर्नएकीकरण अभियानमा बहादुर शाहले सन १७८९ तिर नेपालमा गाभेको तथ्य ऐतिहासिक वर्णनहरूमा पाइन्छ ।


## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।
- अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## मझुवागढीमा म वातावरणको संरक्षण गर्छु : अभियान

खोटाङ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले 'म वातावरणको संरक्षण गर्छु' अभियान सञ्चालन गर्ने भएको छ। वातावरण संरक्षण, जैविक विविधताको संवर्द्धन, जलवायु परिवर्तनका चुनौतीहरू को सामना तथा स्वच्छ र हरित भविष्य निर्माणका लागि नगरपालिकाले अभियान सञ्चाल गर्ने भएको हो ।

बढ्दो प्रदूषण, वन विनाश, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन को समस्या तथा प्राकृतिक स्रोतहरूको अन्दाधुन्द दोहनले वातावरणीय सङ्कट गहिरिँदै गएकाले संरक्षण गर्न अभियान सञ्चालन गर्ने तयारी गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो । "स्वच्छ वाहा, सफा पानी, उर्वर भूमि र जैविक विविधता विना मानव अस्तित्वको सम्भावना छैन । वातावरण मानव जीवनको आधार हो", उहाँले भन्नुभयो, "अभियानले वातावरण संरक्षणलाई व्यवहारमा उतार्न, वातावरण संरक्षणमा नागरिकको सहभागिता बढाउन र भावी पुस्ताप्रति हाम्रो जिम्मेवारीलाई आत्मसाथ गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। 'म वातावरणको संरक्षण गर्छु' अभियान अन्तर्राष्ट्रिय वातावरण दिवसबाट औपचारिक रूपमा सुरुवात हुन्छ।"

अभियानको पहिलो दिन यही जेठ-२१ गते हाटडाँडादेखि मझुवागढीसम्म वृक्षरोपण तथा नगर सरसफाइ गर्ने र सोही दिन दिक्तेलस्थित सरस्वती माध्यमिक विद्यालयबाट 'म वातावरणको संरक्षण गर्छु' भन्ने प्रतिवद्धतासहितको हस्ताक्षर अभियान समेत सुरु गरिने जनाइएको छ । अभियानमा विभिन्न सरकारी कार्यालयहरू, सङ्घसंस्थाहरू र नगरभित्रको विद्यालयहरू मा हस्ताक्षर सङ्कलन गर्ने जनाइएको छ । अभियानको दोस्रो दिन सोही विद्यालयमा वातावरण सम्बन्धी सरोकार वालाहरूसँग विद्यार्थीहरूको अन्तरसंवाद र विभिन्न विद्यालयहरूले सांकृतिक नाच प्रस्तुत गर्नेछन्। सरस्वती माध्यमिक विद्यालयले साकेला नाच, पञ्च माध्यमिक विद्यालयले सङ्गिनी नाच, दिक्तेल इङ्लिस बोर्डिङ स्कूलले सडक नाटक, माउण्ट एभरेष्ट बोर्डिङ स्कूलले लाखे नाच र हिलसाइड इङ्लिस बोर्डिङ स्कूलले तामाङ सेलो प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । अभियानको तेस्रो दिन नगरवासी, जनप्रतिनिधि, विद्यार्थी, शिक्षक तथा कर्मचारी र अन्य निकायका सरोकारवालाहरूको सहभागितामा मध्यपहाडी लोकमार्गको हुर्लुङदेखि रेडपाण्डा-थार पदमार्ग हुँदै रूपाकोट डाँडासम्म पर्यावरणीय यात्रा गरिने नगरपालिकाले मङ्गलबार पत्रकारको आयोजना गरेर जानकारी दिएको छ। उक्त अभियानले वातावरणीय चेतनाको अभिवृद्धि हुने, हरित क्रान्ति, दिगो विकास र वृक्षरोपणको प्रवर्द्धन गर्ने, फोहर व्यवस्थापन सुधार र चेतना फैलिने, जलवायु परिवर्तनका असर न्यूनीकरणमा सहयोग पुग्ने, जैविक विविधताको संरक्षणमा सहयोग पुग्ने, युवा पुस्ता र विद्यार्थीमा वातावरणप्रतिको जिम्मेवारीबोध विकास हुने नगरपालिकाले जनाएको छ ।

वातावरण संरक्षण कुनै एक संस्था वा व्यक्तिको मात्र जिम्मेवारी नभइ सम्पूर्ण मानव जातिको साझा दायित्व भएकाले 'म वातावरणको संरक्षण गर्छु' अभियान सञ्चालन गर्ने निर्णय गरिएको नगरउपप्रमुख विशन राईले जानकारी दिनुभएको छ। 'म वातावरणको संरक्षण गर्छु' अभियानलाई सफल बनाउन नगरपालिकाले सञ्चार माध्यम, सरोकारवाला निकाय तथा नगरवासीलाई अनुरोध गरेको छ ।

जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह (पन्ध्र वडा रहेको) यो नगरपालिकाले यसअघि पनि जैविक विविधता तथा पर्यावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। अन्तरराष्ट्रिय बाँस सम्मेलन, रेडपाण्डा तथा थार महोत्सव, जैविक विविधता तथा रेडपाण्डा-थार अन्तरराष्ट्रिय सम्मेलन लगायतका कार्यक्रम सम्पन्न गरिसकेको छ ।

राष्ट्रिय बाँस सम्मेलन गरेर बाँस तथा बाँसजन्य सामग्रीको प्रवर्द्धन एवं नीति निर्माणका लागि दबाब सिर्जना गरेपछि नेपाल सरकार, सहरी विकास मन्त्रालयबाट बाँसका संरचना निर्माण सम्बन्धी मार्गदर्शन स्वीकृत भएको छ। सरकारले स्वीकृत गरेको मार्गदर्शनमा भूकम्प प्रतिरोधी, वातावरणमैत्री र किफायती संरचना निर्माणका लागि आवश्यक प्राविधिक विवरण र घरका नमूना डिजाइनसमेत समावेश गरिएको छ। जैविक विविधता तथा वातावरण संरक्षणमा काम गर्दै आएको नगरपालिका लाई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट)ले पुरस्कृत गरेको छ। बाँसजन्य स्रोतको संरक्षण, प्रवर्द्धन तथा प्रयोगमार्फत स्थानीयस्तरमा बाँसलाई भवन निर्माण, हस्तकला, व्यवसायिक उत्पादन तथा वातावरणमैत्री समाधान का रूपमा रूपान्तरणसँगै बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा उल्लेखनीय भूमिका निर्वाह गरेकाले पुरस्कृत गरिएको नाष्टले जनाएको छ ।

## विदेशी मुद्रासहित विदेश जान लागेका पक्राउ

काठमाडौँ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मलेसिया जान लागेका एक व्यक्तिलाई ठूलो परिमाणमा विदेशी मुद्रासहित पक्राउ गरिएको छ ।

गएराति अन्तरराष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाबाट वाह्य मुलुकतर्फ लैजान लागेको विभिन्न विदेशी मुद्रासहित सुनसरी गढी गाउँपालिका-१ घर भएका ५० वर्षीय कमलनारायण विश्वासलाई प्रहरीले पक्राउ गरेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

उनी त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले बाटिक एयरको उडानद्वारा काठमाडौँबाट मलेसिया जान लागेका उहाँको साथबाट झण्डै ५५ लाख बराबरको विदेशी मुद्रा बरामद गरिएको प्रहरीले जनाएको छ । जाँच गर्ने क्रममा उनको लगेजबाट नेपाली रु ११ लाख, अमेरिकी डलर १४ हजार ८५०, जापानी येन ४१ हजार, स्विस फ्रैङ्क एक हजार, मलेसियन रिङ्गिट २३ हजार ६३२, श्रीलङ्कन रूपी सात हजार ७७०, पाकिस्तानी रूपी तीन हजार ५४० र ओमानी रियाल दुई हजार ९७० फेला पारी पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको प्रहरीले जानकारी दिएको छ ।

## मौरिस हर्जोग दौड प्रतियोगितामा २० धावक सहभागी

म्याग्दी । पहिलो पटक आठ हजार मिटर अग्लो हिमाल आरोहण भएको ७६ वर्ष पूरा भएको अवसरमा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने आधार शिविर देखि नारच्याङ गाउँसम्म आयोजना गरिएको मौरिस हर्जोग दौड प्रतियोगितामा २० जना धावकले सहभागिता जनाएका छन् ।

अन्नपूर्ण गाउँपालिका-४ नम्बर वडा कार्यालयले आयोजना गरेको खुला महिला पुरुष दोस्रो मौरीस हर्जोग दौड प्रतियोगितामा पुरुषतर्फ १४ र महिलातर्फ छ जनाले सहभागिता जनाएका हुन्। बुधबार बिहान ६ बजे समुन्द्री सतहदेखि चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा शुरु हुने प्रतियोगिताका सबै सहभागी र प्राविधिक टोली मङ्गलबार आधार शिविरमा पुगिसकेको अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले जानकारी दिनुभयो ।

पोखराका रोहित पुर्जा, चेतनाथ चालिसे, नितु तामाङ, रोल्पाका आस्मा विक, खोटाङकी निर्मला राई, रुकुमका शक्तिराम बुढा, पञ्चराम बुढा, सोलुखुम्बुका आङ फुर्वा शेर्पा, छिरिङ ओयो, पाँचथरका रमेश लिम्बू, पुष्पा सिर्मा, गोरखाका निराज भट्ट, म्याग्दीका हिमेश बुढ्जा, काठमाडौँका मनकुमार रोका, लोकेन राई, अर्जुन राई, रमेश लिम्बू, सनम गुरुङ, जुम्लाका सन्देभा बुढा, मिभु बुढा सहभागी भएका हुन् । आधार शिविरदेखि नारच्याङसम्म ३६ किलोमिटर दुरीमा हुने दौड प्रतियोगितामा पुरुष र महिलातर्फ विजेतालाई रु एक लाख, उपविजेतालाई रु ६० हजार, तेस्रोलाई रु ३५ हजार र सान्त्वना स्थान हासिल गर्ने तीन/तीन जनालाई रु १०/१० हजार नगद पुरस्कारको व्यवस्था गरिएको छ। नेपाल भूतपूर्व खेलाडी मञ्च र गण्डकी प्रदेश एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा दौड प्रतियोगिता आयोजना गरिएको हो ।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ । आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हेर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रूपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

## गण्डकीको नीति तथा कार्यक्रम : कृषि र पर्यटन प्राथमिकतामा

गण्डकी । गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रदेशसभाको आजको बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो ।

नागरिकको दैनिक जीवनमा अनुभूत हुनेगरी प्रभावकारी सेवा प्रवाह, समावेशी विकास, सुशासन र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने गरी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको उहाँले बताउनुभयो । 'आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी' को दीर्घकालीन सोचलाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गर्दै ल्याइएको नीति तथा कार्यक्रममा कृषि र पर्यटनलाई प्राथमिकता दिइएको छ ।

'सम्मानजनक कृषि : प्रदेशको दृष्टि' भने आदर्श वाक्य तय गर्दै कृषिलाई सम्मानजनक पेशाको रूपमा स्थापित गरी ग्रामीण अर्थतन्त्रलाई सुदृढ गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, विविधिकरण र व्यवसायीकरणमा जोड दिइएको छ ।

विदेश तथा स्वदेशका विभिन्न सहरबाट गाउँ फर्केर व्यासायिक कृषि र कृषि उद्योग सञ्चालन गर्न चाहाने व्यक्तिलाई व्यवसाय कर्जामा ब्याज अनुदान दिँदै 'रिर्टन टु भिलेज' अभियान सञ्चालन गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । कृषि उत्पादनको बजार पहुँच र न्यायोचित मूल्यका लागि 'कृषि एप' को विकास गरिने जनाइएको छ । कृषि उपजको सहज बजारीकरणका लागि कृषि कृषि एम्बुलेन्स सेवाको प्रभावकारी कार्यान्वयन गरिने भएको छ। अन्तरप्रदेश साझेदारीमा कृषि उपज गुणस्तर परीक्षण तथा स्तरीकरणका लागि प्रयोगशाला स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । आगामी आवमा १० वटा स्थानीय तहलाई 'पशुमा पूर्ण खोप स्थानीय तह' घोषणा गर्दै चालु पञ्चवर्षीय योजना अवधिभित्रै प्रदेशलाई पूर्ण पशु खोपयुक्त प्रदेश घोषणा गरिने भएको छ । कृषि बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाइने भएको छ। जग्गा चक्लाबन्दी, आलु तथा चैते धान प्रवर्द्धन कार्यक्रम, करिडोर लक्षित कृषि विकास कार्यक्रम आदिलाई निरन्तरता दिइने प्रदेश प्रमुख भट्टले बताउनुभयो ।

पर्यटकीय राजधानी पोखरामा अन्तर मन्त्रालय तथा निकायको समन्वयमा एकीकृत पर्यटन विकास अवधारणा कार्यान्वयन गरिने भएको छ । दामोदर कुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट, त्रिवेणीधामजस्ता धार्मिकस्थल जोड्ने गरी 'धार्मिक पर्यटन परिपथ' विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्न 'पहिला घरदेश अनि परदेश' र 'लेक टु लेक' कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । मनाश्लु, अन्नपूर्ण र धवलागिरि हिमाल तथा ढोरपाटन क्षेत्रको पर्यटकीय सम्भावनालाई विश्वस्तरमा चिनाउन पदमार्ग स्तरोन्नति तथा वैकल्पिक पदमार्ग पहिचान र विकास गरिने भएको छ ।

मोदीवेणीधामदेखि बागलुङको भैरवस्थापन र पर्वतको पुर्कोटसम्म धार्मिक पदमार्ग निर्माण गरिने जनाइएको छ । लिगलिगकोट-गोरखा दरबार-मनकामना पदमार्गलाई नेपाली सभ्यताको चिनारी तथा नेपाल एकीकरण मार्गका रूपमा विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । छिमेकी देश भारत र चीनबाट नेपाल आउने पर्यटक सङ्ख्यालाई आगामी पाँच वर्षभित्रमा दोब्बर बनाउने लक्ष्यका साथ 'गण्डकी जाऔँ



: प्रकृति र संस्कृतिसँग रमाऔँ' अभियान सञ्चालन गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो । 'एक जिल्ला, एक पर्यटकीय गन्तव्य' विकासको नीति अवलम्बन गरिने जनाइएको छ। प्रदेशको समुन्नतिका आधारका रूपमा लोकाहा खोला र पुँडीटार औद्योगिक क्षेत्रलाई सञ्चालनमा ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ । गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना सञ्चालनका लागि सङ्घ सरकारसँग समन्वय गरिने जनाइएको छ । घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, वितरण र नियमनलाई व्यवस्थित तगर्न जारी गरिएको गण्डकी प्रदेश घरेलु मदिरा ऐन कार्यान्वयनमा ल्याइने भएको छ ।

औषधिजन्य र औद्योगिक प्रयोजनका लागि गाँजा खेती नियमन गर्ने सम्बन्धमा बनेको विधेयकलाई प्रदेशसभाको चालु अधिवेशनबाट स्वीकृत गरी कार्यान्वयन गरिने जनाइएको छ। नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक विकास, सञ्चार, लगानी प्रवर्द्धन, सडक पूर्वाधार, सिँचाइ, खानेपानीलगायत क्षेत्रमा अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिइएको छ । सन्तुलित विकास, सामाजिक सद्भाव, दिगो शान्ति र राजनीतिक स्थायित्व सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयलाई थप सुदृढ तुल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## चोरीको पाँच वटा मोटरसाइकलसहित तीन पक्राउ

काठमाडौँ । प्रहरीले चोरीका पाँच वटा मोटरसाइकलसहित तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला रौतहट, राजदेवी नगरपालिका घर भइ हाल काठमाडौँको मैतीदेवी बस्ने २६ वर्षीय दिनेश कुसुहवा, मकवानपुर, बागमती गाउँपालिका-३ घर भइ हाल काठमाडौँको सिफल बस्ने २० वर्षीय नवराज माझी तथा गोरखा, गण्डकी गाउँपालिका-५ घर भइ हाल काठमाडौँ तारकेश्वर नगरपालिका-५ लोलाङ बस्ने २२ वर्षीय अमृत पुर्जा रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बा ७५ प ६८२४ नम्बरको २२० सिसिको पल्सर मोटरसाइकल, बा ७६ प १५०२ नम्बरको स्कुटर, बागमती प्रदेश ०२-०६३ प १६४१ नम्बरको २२० सिसिको पल्सर मोटरसाइकल, लु ४६ प ५०५२ नम्बरको २२० सिसिको पल्सर मोटरसाइकल, बाग्मती प्रदेश ०२-०६२ प ३३८४ नम्बरको १५० सिसीको पल्सर मोटरसाइकल सहित पक्राउ गरिएको हो ।" पक्राउ परेकाहरूमाथि प्रहरी वृत्त बालाजुबाट थप अनुसन्धान भइरहेको जनाएको छ ।

## सरकारको वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित

मकवानपुर । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम बहुमतले पारित भएको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि परेको संशोधनको प्रस्ताव बहुमत अस्वीकृत गरेको थियो ।

प्रदेशसभा सदस्यहरू रत्नप्रसाद ढकाल, लक्ष्मी घिमिरे, सुष्मा भुजेल न्यौपाने र युवराज चौलागाईँले वार्षिक नीति तथा कार्यक्रमलाई थप संशोधन गर्न आवश्यक भएको भन्दै छुट्टाछुट्टै प्रस्तावहरू पेश गर्नुभएको थियो । ती प्रस्तावहरू बहुमतले अस्वीकृत गरेको थियो। मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेशसभाको सोमबार बसेको बैठकमा प्रदेश सरकारको आव २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफलको प्रारम्भ गरियोस् भनि प्रस्ताव पेश गर्नुभएको थियो । प्रदेशसभाको आजको बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभाका सदस्यहरूले छलफलमा उठाउनुभएका प्रश्नहरूको जवाफ दिँदै मुख्यमन्त्री बानियाँले नीति तथा कार्यक्रमका आधारमा आगामी असार १ गते ल्याइने बजेट समानुपातिक, निष्पक्ष पारदर्शी र जनमुखी हुने बताउनुभयो । दुई दिनसम्म चलेको छलफलमा ६४ जना प्रदेशसभा सदस्यहरूले भाग लिनुभएको थियो ।

# वित्तीय अपराध नियन्त्रणमा सबैको निकायको सहकार्य आवश्यक

प्रत्यूष समाचारदाता

काठमाडौं । पछिल्लो समयमा वित्तीय अपराधमा भएको बढोत्तरीले चुनौती थपेको निष्कर्षसहित यस्ता अपराध नियन्त्रणमा सामूहिक प्रयासको खाँचो रहेको औंल्याइएको छ ।

नेपाल राष्ट्र बैंक तथा नेपाल प्रहरी प्रधान कार्यालयको आयोजनामा मंगलबार भएको सम्पत्ति शुद्धीकरण, आतङ्कारी कार्य, आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसम्बन्धी अनुशिक्षणमा सहभागी सुरक्षा तथा आर्थिक क्षेत्रका अधिकारीहरूले उक्त कुरामा जोड दिनुभएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका अनुसार कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले वित्तीय प्रणालीको पारदर्शीता, सुशासन तथा आर्थिक स्थायित्व कायम गर्न सम्पत्ति शुद्धीकरण, आतङ्कवादी गतिविधिमा वित्तीय लगानी तथा आमविनाशका हातहतियारसँग सम्बन्धित वित्तीय अपराध नियन्त्रण अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो । सम्बन्धित निकायबीच प्रभावकारी समन्वय, सूचना आदानप्रदान र दक्ष जनशक्ति उत्पादन गरी वित्तीय अपराधका नयाँ प्रवृत्ति र चुनौतीलाई नियन्त्रण गर्ने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको उहाँले बताउनुभयो । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले वित्तीय अपराधको स्वरूप दिनप्रति दिन जटिल बन्दै गएको उल्लेख गर्दै यस्ता अपराधको सफल अनुसन्धानका लागि प्राविधिक ज्ञान, अनुसन्धान सीप र अन्तर निकाय समन्वय अपरिहार्य रहेको बताउनुभयो । प्रहरीले हुण्डी कारोबार, सङ्गठित अपराध, मानव बेचबिखन तथा लागुऔषध ओसारपसार, आपराधिक लाभ, ठगीजस्ता अपराधहरूको सफल अनुसन्धान गर्न प्रमाण सङ्कलन, वित्तीय विश्लेषण, राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकायसँग समन्वय तथा सहकार्य गर्दै आइरहेको उहाँले बताउनुभयो । प्रहरी महानिरीक्षक कार्कीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी वित्तीय लगानीसँग सम्बन्धित अपराध नियन्त्रण राष्ट्रिय सुरक्षा र आर्थिक सुशासनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले नेपाल प्रहरीले यस क्षेत्रमा आफ्नो क्षमता अभिवृद्धि गर्दै आएको उल्लेख गर्नुभयो । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेलले तालिमको महत्वसम्बन्धी जानकारी दिनुभएको थियो ।

पाँच कार्य दिनको उक्त तालिममा कोशी प्रदेशअन्तर्गत रहेका जिल्ला प्रहरी कार्यालय तथा मुद्दा चल्ने प्रहरी एकाइका अनुसन्धान शाखामा कार्यरत २४ जना जुनियर प्रहरी अधिकृतहरूको सहभागिता रहेको छ ।

# निर्यात प्रवर्द्धनमा बजेट सकारात्मक

काठमाडौं । निर्यात व्यवसायी महासङ्घले आगामी आर्थिक वर्षको बजेटले धेरै विषय सम्बोधन गरेकामा स्वागत गरेको छ । नयाँ राजनीतिक स्थिरताको परिवेश, चुनावी प्रतिबद्धता र सरकारको १०० दिने कार्यक्रमको निरन्तरताका रूपमा आएको आगामी आव २०८३/८४ का बजेटले निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका नीतिगत विषयमा सुधार गरेको महासङ्घको कथन छ ।

बजेटको आकार, स्रोतको चाप र खर्चको संरचनागत पक्षमा देखिएको चुनौती र कतिपय बजेटमा सम्बोधन हुन नसकेकाले विषयलाई सम्बोधन गर्दै कार्यान्वयन गर्न महासङ्घले अनुरोध गरेको छ ।

महासङ्घले व्यक्तिगत आयकर छुटको सीमा दोब्बर गरी रू १० लाख पुर्याइनु, अधिकतम करको दर १० प्रतिशत विन्दुले घटाउनु, ३६० वस्तुको अन्तःशुल्क खारेज गर्नु र भन्सार दरलाई ११ तहबाट सात तहमा झार्नु प्रशंसनीय कदम भएको महासङ्घका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

औद्योगिक कच्चापदार्थको भन्सार दर तयारी वस्तुको भन्दा कम्तीमा एक तह कम गर्ने नीति, कम्पनी ऐन र विदेशी लगानी ऐनमा संशोधन गरी विदेशी लगानी फिर्ता सरलीकरणको व्यवस्थाले स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नेमा महासङ्घले प्रसन्नता व्यक्त गरेको छ ।

सूचना प्रविधि सेवा निर्यातबाट आर्जित आयमा ५० प्रतिशत कर छुट, स्वेट इक्विटीमा शतप्रतिशत कर छुटले नेपाललाई 'टेकहब' बनाउने आधार खडा गर्ने विश्वास व्यक्त गरेको छ । निजी क्षेत्रलाई अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न दिने कानुनी मार्ग प्रशस्त गर्नु, नेपाल विद्युत् प्राधिकरणको त्रिपक्षीय कम्पनीमा विभाजन र 'आरोग्य पर्यटन' को ब्राण्डिङ गर्ने कुरा सकारात्मक रहेको उल्लेख गरेको छ ।

# करिब पाँच अर्ब बचत रकम फिर्ता गर्न छ हजार बढीको उजुरी

काठमाडौं । काठमाडौं महानगरपालिका सहकारी विभागमा रु चार अर्ब ७७ करोड ४९ लाख २३ हजार बचत रकम फिर्ता गरी दिनका लागि छ हजार बढी बचतकर्ताले माग गरेका छन् ।

कामपा सहकारी विभागका अनुसार पछिल्लो समय कामपामा बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको छ । कामपा सहकारी विकागका प्रमुख ध्रुवकुमार काफ्लेका अनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएको उजुरीको आधारमा भनिएको हो ।

प्रमुख काफ्लेका अनुसार, यसरी माग दाबी गर्ने बचतकर्ताहरूमा रु एक लाख देखि पाँच लाखसम्मको रकम रहेका बढी छन् । उक्त रकम फिर्ताका लागि छ हजार ३०० बचत कर्ताले उजुरी दिएको प्रमुख काफ्लेले जानकारी दिनुभयो ।

निवेदनका आधारमा उहाँले भन्नुभयो, "यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजारसम्म गर्ने अर्थात साना रकम जम्मा गर्ने बचतकर्ताहरूको सङ्ख्या बढी रहेको छ ।"

कामपाका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको सङ्ख्या ७८ प्रतिशत रहेको छ । उजुरीकै आधारमा कामपाले गत सोमबार र मङ्गलबार गरी बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको छ ।

कामपा-६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले उक्त दिन रु एक लाख ५० हजारसम्म बचत गर्ने ७० जना बचतदाता सदस्यहरू लाई बचत रकम फिर्ता गरेको हो । सहकारीले आगामी १ महिनाभित्र रु पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ । कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीहरू लाई ताकेता गर्ने र बचतकर्ताको बचत रकम फिर्ता गर्दै कार्य अघि बढाएको छ ।

सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको कामपा सहकारी विभागको भनाइ छ । विभागका प्रमुख काफ्लेले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भन्नुहुन्छ, "माग दाबीसहितको निवेदन लिन्छौं । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बीच छलफल तथा मिलापत्र गराउने प्रयास गर्छौं ।" वडास्तरको मेलमिलापबाट नटुङ्गिएमा विभागले मिलाउन प्रयास गर्छ । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका सिफारिस गरिन्छ ।

# अदालतको फैसला यथाशीर्घ कार्यान्वयनमा जोड

काठमाडौं । अदालतले गरेको आदेश/फैसला यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने विषयमा ध्यान दिनुपर्नेमा सरोकारवाला पक्षले जोड दिएका छन् । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले मंगलबार आयोजना गरेको छलफलका वक्ताहरूले अदालतको आदेश/फैसला तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् ।

सर्वोच्च अदालतका रजिष्ट्रार मानबहादुर कार्कीले फैसला कार्यान्वयनमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताउनुभयो । "सर्वोच्च अदालतले बोलेपछि आदेश/फैसलाको स्वतः कार्यान्वयन हुन्छ," उहाँले भन्नुभयो, "जिम्मेवार पदाधिकारीले अदालतको आदेश/फैसला देख्ने बित्तिकै कार्यान्वयन गर्ने तदरुकता देखाउनुपर्छ ।"

फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले अदालतले फैसला गर्ने बित्तिकै सम्बन्धित निकायमा पत्रचार गर्ने गरेको भएपनि तत्काल कार्यान्वयन गरिहाल्ने परिपाटी नभएको अनुभव सुनाउनुभयो । "स्वास्थ्यसम्बन्धी हक संविधानको मौलिक हकमै समेटिएको विषय हो, स्वतः पालना गर्नुपर्छ", उहाँले भन्नुभयो, "अदालतबाट फैसला हुँदा पनि कार्यान्वयनमा ढिलाइ हुने अवस्था आउनु दुःखद् हो ।"

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नृपध्वज निरौलाले २०८१ मङ्सिर १७ गते गरेको फैसालामा मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण र सम्वर्द्धन गर्न १२ बुँदे निर्देशनात्मक आदेश जारी गरेको थियो ।

राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई परिमार्जन गर्दा मानसिक स्वास्थ्य शाखा स्थापना तथा स्थानीयस्तरमा जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयमा ईकाइ/सम्पर्क व्यक्ति यथाशक्य चाँडो नियुक्ति गरी कार्यसञ्चालन गर्नु/गराउनु भनिएको थियो । मानसिक स्वास्थ्यका क्षेत्रमा एतिहासिक फैसला भए पनि कार्यान्वयनमा तदारुकता नदेखिँदा मानसिक स्वास्थ्य सेवाको प्रतिक्षामा बसेकाहरूले प्रभावकारी रूपमा उपचार पाउन सकेका छैनन् ।

# युनेस्को काठमाडौँद्धारा थामेमा अभौतिक सम्पदाको सूचीकरण आरम्भ



काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) काठमाडौंले सोलुखुम्बुको खुम्बू पासाङल्हामु गाउँपालिका-५, थामेका अभौतिक सम्पदाको सूचीकरण आरम्भ गरेको छ ।

विसं २०८१ साउन ३२ गते त्यहाँ भएको हिमताल विस्फोटपश्चातको बाढीका कारण बस्ती र सम्पदा प्रभावित भएपछि युनेस्को काठमाडौंले परियोजना तर्जुमा गरेर विज्ञसहितको अध्ययन टोली थामेमा पठाएको थियो । समुदायको सहभागितामा गरिएको अध्ययनको निष्कर्षका आधारमा मंगलबार भक्तपुरको नगरकोटमा आयोजित छलफल कार्यक्रम मा थामेमा सूचीकरणको प्रक्रियामा रहेका सांस्कृतिक सम्पदाहरुको जानकारी दिइएको हो । उक्त सूचीमा खानाका परिकारतर्फ आलु रोटी, सोर्किम, थो र रिल्दोम (आलुको परिकार) तथा चाडपर्व र रीतिरिवाजतर्फ मणि रिम्दु, दुम्जी, लोसार, छेचु, चिरिम र बिदाइको रितलगायत रहेको अध्येता डा नीलकमल चापागाईंले बताउनुभयो । उहाँले विस्तृत अध्ययन गर्दा उक्त सूची बढ्न सक्ने जनाउँदै थामेमा बस्ती विस्थापनसमेत हुन थालेकाले जीवन्त सांस्कृतिक सम्पदालाई संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा मन्त्रालयका सहसचिव डा सुरेशसुरज श्रेष्ठले युनेस्को मुख्यालयको नीतिलाई पालना गर्दै नेपाल सरकारले अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणको काम सुरु गरिसकेको जानकारी दिनुभयो । उहाँले सातै प्रदेशमा अभौतिक सम्पदा सूचीकरणको अभियान सञ्चालन गरेर आह्वान गर्दा गतवर्ष १०५ सम्पदा सूचीकरणका लागि आवेदन आएकामा अहिलेसम्म नेवार सुदायको योमरी परिकार सूचीकरणमा परेको बताउनुभयो । योमरीलाई युनेस्कोको मार्गदर्शनअनुसार अन्तरराष्ट्रियस्तरमा सूचीकरणका लागि प्रक्रिया सुरु भएको उहाँले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००३ अक्टोबर १७ मा पारित गरेको अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धिलाई नेपालले सन् २०१० मा अनुमोदन गरेको थियो । कार्यक्रममा युनेस्कोका लागि नेपाल प्रतिनिधि याको डु तोइटले हिमाली क्षेत्रमा बसोवास गर्दै आएको शेर्पा समुदायलाई केन्द्रमा राखेर उक्त अध्ययन गरिएको र यसलाई सरोकारवाला पक्षबाट प्राप्त सुझावका आधारमा प्रकाशन गरिने बताउनुभयो ।

जल तथा मौसम विज्ञान विभागका महानिर्देशक अर्चना श्रेष्ठले नेपालमा अहिलेससम्म चार वटा हिमताल फुटिसकेको र हिमलात फुट्दा स्थानीयको जनजीवनमा गम्भीर असर पर्ने भएकाले पूर्व सचेतनामा ध्यान दिनुपर्ने बताउनुभयो । सगरमाथा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत सुष्मा रानाले थामेका शेर्पा समुदाय सम्पदा संरक्षणमा कटिबद्ध हुनाका साथै काटमार नगर्ने र जङ्गली जनावरलाई बाली खान दिने स्वभावका भएको अनुभव सुनाउनुभयो । नेपालमा अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण र अभिलेखीकरणका लागि मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ तयार गरेको छ । सो सम्बन्धी विधेयक हालै राष्ट्रियसभाबाट पारित भएको छ ।

कार्यक्रममा प्राकृतिक विपद्बाट थामे समुदायमा परेको प्रभावबारे बनाइएको वृत्तचित्र सार्वजनिक गरिएको थियो ।

# लमजुङका गन्तव्य प्रवर्द्धन गरिँदै

गण्डकी । विश्वमा पहिलोपटक आठ हजार मिटरभन्दा अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको दिन भोलि (बुधबार) अन्नपूर्ण आरोहण दिवसलाई ट्रेकिङ एजेन्सिज एशोसिएन (टान) गण्डकी प्रदेशले लमजुङको दोर्दी गाउँपालिकाको क्षेत्रका विभिन्न गन्तव्यको प्रवर्द्धन गर्ने भएको छ ।

सन् १९५० जुन ३ मा फ्रान्सेली आरोही मौरिस हर्जोग र लुई लासनालले पहिलो पटक आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण गरेको अवसरमा प्रत्येक वर्ष जुन ३ लाई अन्नपूर्ण आरोहण दिवसका रुपमा मनाउने प्रचलन छ ।

उक्त दिवस हरेक वर्ष अन्नपूर्ण क्षेत्रका विभिन्न स्थानमा मनाउने गरिएकोमा यसवर्ष ७६ औं आरोहण दिवसमा लम्जुङको दोर्दी गाउँपालिकाका गन्तव्यलाई समेटिएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । अध्यक्ष आचार्यले यसवर्ष जेठ २० र २१ मा अन्नपूर्ण आरोहण दिवस मनाउन लागेको बताउनुभयो । उक्त दिन दोर्दी क्षेत्रका पदमार्गको पहिचान र प्रवर्द्धनसँगै स्थानीय कला-संस्कृतिको संरक्षण तथा जलवायु परिवर्तनले पर्वतीय पर्यटन र वातावरणमा पारेको प्रभाव लगायतका विषयमा अन्तरक्रिया गर्न लागिएको छ ।

# मे महिनामा भित्रिए एक लाखभन्दा बढी पर्यटक

काठमाडौं । सन् २०२६ को मे महिनामा एक लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार मेमा एक लाख दुई हजार ६२६ विदेशी पर्यटक नेपाल भित्रिएका हुन् । उक्त सङ्ख्या गत वर्षको तुलनामा १९ प्रतिशतले बढी हो ।

बोर्डका अनुसार गत वर्षको मे महिनामा ८६ हजार २१६ पर्यटक नेपाल आएका थिए । कोरोना महामारी अगाडि सन् २०१९ को मे महिनामा ७८ हजार ३२९ विदेशी नेपाल घुम्न आएका थिए । मे महिनामा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका रहेका छन् । उक्त महिनामा भारतबाट मात्र ४० हजार ७८२ पर्यटक नेपाल घुम्न आएका छन् । यस्तै, दोस्रोमा चीनबाट ११ हजार ५१४, तेस्रोमा संयुक्त राज्य अमेरिकाबाट नौ हजार एक, चौथोमा बङ्गलादेशबाट पाँच हजार २९८ र पाँचौंमा संयुक्त अधिराज्यबाट तीन हजार ३७५ पर्यटक नेपाल घुम्न आएका छन् । पश्चिम एसियाली मुलुकमा देखिएको द्वन्द्वका कारण नेपालको पर्यटनमा केही असर देखिएको छ । नेपालप्रतिको बढ्दो विश्वास र पर्यटकीय गतिविधिका कारण यो सङ्ख्या अझै बढ्ने अपेक्षा गरिएको छ ।